प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**बागमती प्रदेश कार्यालय**

हेटौंडा-११, मकवानपुर।

सम्पर्क मो नं. ९८५५०३४९९१

स्थायी लेखा नं.२०१२९९३५३

**डिप्लोमा /प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृती तर्फका शैक्षिक कार्यक्रमहरुको प्रवेश परीक्षाको नतिजा प्रकाशन सम्वन्धी अत्यन्त जरुरी सूचना।**

**(सूचना प्रकाशन मिति २०८१।०४।२७)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको मिति २०८१।०३।१५ गते प्रकाशित सूचना अनुसार मिति २०८१।०४।१२ गते संचालित डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क)छात्रवृती तर्फका तपसिलमा उल्लेखित २९ वटा कार्यक्रमहरुको मिति २०८१।०४।१२ गते विहान ८:०० वजे वागमती प्रदेश भित्र तोकिएका परीक्षा केन्द्रहरुमा संचालन गरिएको प्रवेश परीक्षामा सम्मिलित भई परिषद् प.नि.का.ले जारी गरेको डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन,छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका,२०८१(दोस्रो संशोधन ) अनुरुप लिखित परीक्षाको प्राप्ताङ्क र सम्वन्धित शिक्षालयहरुले ITMS मा प्रविष्ट गरेको विवरणको आधारमा एस.एल.सी/एस.इ.इ.को शैक्षिक प्रमाणपत्रहरु वापत तोकिएको अंकको कुल योगफल गरी स्वीकृत कार्यक्रमहरुको वर्ग , कोटाको परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्कको योग्यताक्रम सूची अनुसार क्रमशःउच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीहरुलाई निजले प्राथमिकीकरण गरेको शिक्षण संस्थामा भर्ना सिफारिस गरिएको प्रदेश प्रवेश परीक्षा नतिजा प्रकाशन उप-समितिको मिति २०८१।०४।२७ गतेको निर्णयानुसार मुख्य एंवम् उत्तीर्ण सूची मा रहेका आवेदकहरुको नतिजा प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाको लागि सिफारिश भएका उम्मेदवारहरु मिति २०८१।०५।०४ गते कार्यालय समय भित्रमा आफ्नो प्रवेश पत्र,नतिजाको प्रति,शैक्षिक योग्यताको प्रमाणपत्र,नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्रहरु र फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ। सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानि भर्ना सम्वन्धी निर्देशिका र सूचनामा उल्लेख भए वमोजिम परीक्षार्थीहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्न गराउनु हुन अनुरोध छ। साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मितिसम्म भर्ना हुन नआएका परीक्षार्थीहरुको जानकारी परिषद् वागमती प्रदेश कार्यालयको इमेल bagmati.ctevt@gmail.com मा अनिवार्य रुपमा भर्ना सम्वन्धी निर्देशिकाको दफा २६ (ख) वमोजिम ३ दिन भित्रमा अनिवार्य रुपमा लिखित जानकारी गराउनु पर्नेछ। हाल वर्गीकृत निःशुल्क छात्रवृत्तिमा सिफारिस नगरिएका शिक्षण सस्थाहरुमा यसै शैक्षिक सत्रमा कार्यक्रम संचालन सुनिश्चितता भए पछि प्रशिक्षार्थी सिफारिस गरिने व्यहोरा जानकारी गराइन्छ।

विस्तृत जानकारीको लागि www.ctevtbagmati.org.np र www.ctevtexam.org.np मा हेर्न सकिन्छ।

निर्देशक